बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

बैठक संख्याः १२

श्री

आज मिति २०७९ साल फाल्गुण १४ गते विहान १:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १० | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुरव थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम वहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| | | | |
| २८. | | सुदर्शन आचार्य | |
| २९. | | [illegible] बहादुर थापाक्षेत्री | |
| ३०. | | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. बर्दघाट नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७९ सम्बन्धमा ।
३. बर्दघाट नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७८ (संशोधन) सम्बन्धमा ।
४. बर्दघाट नगर शिक्षा ऐन, २०७७ (संशोधन) सम्बन्धमा ।
५. औद्योगिक ग्रामको IEE सम्बन्धमा ।
६. सेनेटरी ल्याण्डफिल्डसाइड निर्माणको ठेक्का सम्बन्धमा ।
७. घ वर्गको इजाजतपत्र जारी गर्ने सम्बन्धमा ।
८. ठेक्का सम्झौता रद्ध गर्ने सम्बन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।
१०. सडकवत्ति महसुल भुक्तानी सम्बन्धमा ।
११. विविध ।

निर्णयहरु :

निर्णय नं. १:

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो।
-

निर्णय नं. २:

- विधायन समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७९" को मस्यौदा परिमार्जन सहित स्वीकृतको लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं. ३

- विधायन समितिबाट दफावार छलफल भई आएको "बर्दघाट स्वास्थ्य तथा सरसफाई ऐन, २०७८ (संशोधन)" थप अध्ययनको लागि विधेयक समितिमा पठाउने ।

निर्णय नं. ४

- विधायन समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगर शिक्षा ऐन, २०७७ (संशोधन)" थप अध्ययन एवं परामर्श गरी कार्यपालिकामा पेश गर्न विधेयक समितिमा फिर्ता पठाउने ।

निर्णय नं. ५

- यस नगरपालिका वडा नं ५ स्थित औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) गर्नको लागि विशेष आर्थिक क्षेत्र प्राधिकरणको आर्थिक सहयोग र श्री एलाइड कन्सल्टेन्सी प्रा.लि, ललितपुर नेपालको प्राविधिक सहयोगमा उक्त संस्थाले तयार गरेको IEE मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिने ।

निर्णय नं. ६

- यस बर्दघाट नगरपालिका वडा नं ४ अन्तर्गत यस नगरपालिकाले हाल फोहोरमैला विसर्जनस्थल लाई व्यवस्थित रुपमा संचालन गर्न पूर्वाधारका संरचना सहित सेनेटरी ल्याण्डफिल्ड साइड निर्माण गर्न आहान गरेको बोलपत्रका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवलको च नं ३७५५४ मिति २०७९/११/१० को प्रतिक्रिया सहितका कागजात उपलब्ध गराउने सम्बन्धमा बारेको प्राप्त पत्रमा माग गरेका विवरणहरु शिघ्र रुपमा उपलब्ध गराउने ।

निर्णय नं. ७

- घ वर्गको निर्माण व्यावसायी ईजाजतपत्रका लागि प्राप्त निवेदनका सन्दर्भमा तपसिल बमोजिमको निवेदकबाट निवेदन साथ पेश गरिएका कागजातहरु बर्दघाट नगरपालिकाको घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि-२०७५ को दफा २ को उपदफा २ अनुसूची -५ बमोजिम तोकिएका मापदण्ड पुरा गरी ईजाजतपत्र प्रदान गर्न मिति ०७९/११/०८ को प्राविधिक समितिको बैठकबाट भएको सिफारिस बमोजिम उक्त फर्मलाई नियमानुसार घ वर्गको इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि नं | फर्मको नाम र ठेगाना | प्रोप्राइटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | सीता निर्माण सेवा, बर्दघाट-९ | सीता पराजुली | |

निर्णय नं. ८

- मिति ०७९।३।३० को नगरकार्यपालिका बैठकको निर्णय अनुसार श्रोत सुनिश्चित गरिएको देहायका योजनाहरुको कार्य हाल सम्म पनि अगाडी वढ्न नसकेको र सम्वन्धित निर्माण व्यावसायीहरुलाई पटक पटक ताकेता गर्दा समेत कार्य प्रगती नदेखिएको हुँदा देहायका ठेक्काहरुको पुनः म्याद थप नगर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सम्वन्धित निर्माण व्यावसायीहरुलाई कारवाही प्रक्रिया अगाडी वढाउने साथै सम्बन्धित योजनामा विनियोजित रकम मध्येबाट सोही योजना कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

तपशिल

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| क्र.स. | ठेक्का नं | योजनाको नाम | योजना स्थल | ठेक्का पाउने कम्पनीको नाम | विनियोजित बजेट रकम रु | रकम भूक्तानी गर्ने दायित्व |
|---|---|---|---|---|---|---|
| १ | १३/०७७/०७८ | वेतहानी शिवमन्दिर प्रगतिचोक त्रिवेणी सडक (आत्रेय चोक) कालोपत्रे | वडा नं ६ | पूष्पाञ्जली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १,२००,०००।०० | |
| २ | २१/०७७/०७८ | नाला सहित बाटो कालोपत्रे भगजौनी स्कूल क्षेत्र | वडा न. ११ | पूष्पाञ्जली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७००,०००।०० | |
| ३ | १७/०७७/०७८ | जीतपुर बाटो धौलागिरी चोक देखी हेल्थपोष्ट , मिलन चोक शिवालय मन्दिर देखी वडा नं ६ बाटो कालोपत्रे | वडा नं ६ | पूष्पाञ्जली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १,३००,०००।०० | |
| ४ | २६/०७७/०७८ | पनही भित्री सडक कालोपत्रे | वडा न. १३ | पूष्पाञ्जली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ५५०,०००।०० | |
| ५ | १०/०७८/०७९ | गंगावस्ती विजयनगर धर्मबस्ती ( रामु राउतको घर), पुष्पलाल चोक सरस्वती मा.वि. वडा नं १६ को कार्यालय देखी वरुवा ससडक कालोपत्रे | वडा नं १४ र १६ | विकास एण्ड बर्दर्स-मजदूर Joint venture | १४,०००,०००।०० | |

निर्णय नं ९

- आर्थिक वर्ष २०७९/०८० मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि वडा कार्यालयबाट सिफारिस भई आएका योजनाहरुको प्राथमिकिकरण गरी कार्यान्वयनमा लैजान स्पष्ट खाका तयार गरी प्रतिवेदन पेश गर्न पूर्वाधार विकास समितिमा पठाउने ।

निर्णय नं १०

- यस बर्दघाट नगरपालिकाका विभिन्न टोलहरुमा जडान गरीएका सडक वत्तिको मसहुल नियमित रुपमा बुझाउनको लागि सम्बन्धित टोल विकास संस्थालाई उत्प्रेरित गर्न वडा समितिलाई जिम्मा दिने र नियमित रुपमा महसुल बुझाउने वडालाई थप सडक वत्ति उपलव्ध गराउने ।

निर्णय नं ११ विविध

क) भू-उपयोग क्षेत्र वर्गिकरण नियमावली, २०७९ अनुसार यस नगरपालिकाको सम्पूर्ण जग्गाको वर्गिकरण गर्ने सन्दर्भमा प्राविधिक शाखाबाट तयार भएको रु १७९९५२५/- (भ्याट सहित) को लागत अनुमानको आधारमा सूचिकृत परामर्शदाता संस्था मार्फत आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी जग्गाको वर्गिकरण गर्ने कार्य भैरहेको सन्दर्भमा उक्त लागत अनुमानमा उल्लिखित विज्ञको पारिश्रमिक लगायतको दर रेट अनुमोदन गर्ने ।